bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

एसियन पेन्टस र सेरा कम्पनीको आधिकारीक बिक्रेता

asianpaints

CERA

सम्पूर्ण रङ रोकनका सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ । साथै पेन्टर चाहिएमा पनि सम्पर्क गर्नुहोला ।

प्रो. श्याम मौरती
व्यास-२, भेटघाटचोक,
दमौली, तनहुँ
फोन : ०६५-५६२६८७,
९८५६०६०३४७

ग्रिनरी भानु सप्लायर्स

वर्ष ३९ अंक २९० | २०७७ चैत्र ०६ गते शुक्रबार, नेपाल सम्वत् ११४१ March 19, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**भानु नगरस्तरीय तेश्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता :** तनहुँको भानु नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले आयोजना गरेको तेश्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा ज्याभलिङ थ्रो प्रतियोगितामा सहभागि हुँदै एक छात्र । प्रतियोगिताको दोश्रो दिन विहीबार छात्रछात्रा सटफुट, ज्याभलिङ् थ्रो, भलिबल, दौड, रिले, हाइजम्प लगायतका खेला सम्पन्न गरिएका छन् । विहीबारसम्म कुल २२ वटा स्वर्ण पदकको टुङ्गो लागिसकेको छ । पदकको शीर्ष स्थानमा होरालो शारदा शिक्षा सदन माध्यमिक विद्यालय भानु-२ र मनोहर माध्यमिक विद्यालय भानु-८ ले बराबर ६-६ वटा स्वर्णपदक हासिल गरेका छन् । अन्य खेलकुदका प्रतियोगिता जारी रहेको बताइएको छ । *तस्विर : भञ्ज्याङ*

## तनहुँसुरको जीर्ण दरबार पुन:निर्माण गरिँदै

♦ **सानेबहादुर नेपाली** (तनहुँ)

सेनवंशी राजाले शासन गरेको व्यास नगरपालिका-११ तनहुँसुर स्थित ऐतिहासिक 'तनहुँसुर दरबार'को पुन:निर्माण थालिएको छ । पुरातत्व विभागले दरबारको उत्खनन गरेर पुन:निर्माण थालेको हो । राजदरबारको पुन:निर्माणपछि पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ । रू ७० लाख लागतमा दरबार पुन:निर्माण भइरहेको नगरपालिकाका शाखा अधिकृत मेघनाथ आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त दरबार जीर्ण अवस्थामा पुगेकाले पुन:निर्माण गरेर संरक्षण गर्न लागिएको हो ।

तनहुँसुरबाट अपभ्रंश भएर दरबारको नामाकरण भएको भन्ने किंवदन्ती रहिआएको पाइन्छ । तत्कालीन पाल्पाका राजा मणिमुकुन्द सेनले आ□ना जेठा छोरा भृङ्गीसेनलाई सन् १६१० मा तनहुँमा राज्य सञ्चालन गर्न पठाएको र उनीपछिका आठ सेनवंशी राजाले २३० वर्ष तनहुँसुरबाट राज्य सञ्चालन गरेको किंवदन्ती छ । तनहुँसुरको सेनवंशी राजाको दरबार खड्कमाई मन्दिर, सेनवंशी राजाको समयमा न्याय निसाफ गर्न प्रयोग गर्ने गद्दीचौतारा लगायतको संरक्षण गरिने नगरपालिकाले जनाएको छ । खड्कमाई मन्दिर संरक्षण समितिका अध्यक्ष वीरबहादुर थापा दरबार तथा खड्कमाई मन्दिरको पुन:निर्माणका लागि पुरातत्व विभागले चासो दिई उत्खनन गरी पुन:निर्माण अघि बढाएपछि स्थानीय बासिन्दा खुशी भएको बताउनुभयो ।



जीर्ण बनेको तनहुँसुर दरबारको पुन:निर्माणका काम गरिदै । *तस्विर : भञ्ज्याङ*

दरबारले थप आकर्षण गर्ने र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न प्रचुर सम्भावना रहेको छ । विसं २०२५ सम्म भरिभराउ रहेको तनहुँसुर अहिले भने उजाडजस्तै बनेको छ । यहाँका नेवार समुदायको हटिया रित्तिएको छ । विकास र व्यापारको खोजीमा तनहुँसुरका नेवार समुदाय दमौली, चितवन, पोखरा, काठमाडौँ लगायतका ठाउँमा बसाइँ सरेर गएका छन् । तनहुँसुरबाट हिमशृंखला, महाभारत पर्वत शृङ्खला, कलेस्तीफाँट, चुँदीफाँट, गोरखा तथा पर्यटकीय शहर पोखराको समेत अवलोकन गर्न सकिन्छ । विसं २००७ को प्रजातान्त्रिक आन्दोलनमा यस ठाउँका छ जनाले सहादत प्राप्त गरेका थिए । रासस

## बहिनीलाई जबरजस्ती करणी गरेको अभियोगमा दाजु पक्राउ

♦**भञ्ज्याङ समाचारदाता** (दमौली)

तनहुँको शुक्लागण्डकी नगरपालिका-९ का एक युवालाई प्रहरीले पक्राउ गरेको छ । आफ्नै बहिनीलाई जबरजस्ती करणी गरेको अभियोगमा दाजुलाई बुधबार पक्राउ गरेको तनहुँ प्रहरीले जनाएको छ । २७ वर्षीय दाजुले मानसिक रूपमा कम्जोर रहेकी १४ वर्षीया बहिनीलाई जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ गरिएको तनहुँका प्रहरी उपरीक्षक अरूण पौडेलले बताए ।

पक्राउ परेका दाजुले डर, धम्की दिंदै बहिनीलाई गत शुक्रबार राती र विगतमा पनि पटक-पटक जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा पक्राउ गरिएको प्रहरी उपरीक्षक पौडेलले बताए।

इलाका प्रहरी कार्यालय बेलचौताराबाट खटिएको प्रहरी टोलीले ती युवालाई पक्राउ गरी थप अनुसन्धान गरिरहेको छ ।

## व्यासको सार्वजनिक सुनुवाई

♦**भञ्ज्याङ समाचारदाता** (दमौली)

तनहुँको व्यास नगरपालिकाले आर्थिक बर्ष २०७७/७८ को दोस्रो चौमासिक अन्तरगतको सार्वजनिक सुनुवाइ गरेको छ । कार्यक्रममा नगरबासिले उठाएका जिज्ञासालाई नगरप्रमुख बैकुण्ठ न्यौपान, प्रमुख प्रशाकीय अधिकृत डिल्लीराम सिग्देल तथा विषयगत शाखा प्रमुखहरूले सहजिकरण गरेका शाखा प्रमुख राजेन्द्र कार्की, शहरी पुर्वाधार तथा प्रविधिक शाखा प्रमुख डा. राजु पौडेल, स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख प्रमोद सोती, वडा नं. १, १२, १३ र १४ का वडाअध्यक्षहरूले सहजिकरण गरेका थिए ।

व्यास नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १०दफा ७८ (५) वमोजिम पारदर्शिता तथा आन्तरिक



सुशासनको मर्मलाई व्यवहारिक कार्यन्वयन गर्ने लक्ष्यका साथ सार्वजनिक सुनुवाई कार्यक्रम गर्दै आएको छ ।

कार्यक्रमा सहभागिहरूले भौतिक योजना, आन्तरिक सुशासन, स्थानीय सरकार क्षतिपूर्ति, खोला नालाको अवस्था, सार्वजनिक सम्पत्तिको अवस्था लगायतका विषयमा नगरपालिका प्रति जिज्ञासा र गुनासाहरू राखेका थिए ।

नगरबासिले उठाएका जिज्ञासा र गुनासोका विषयमा शिक्षा तथा सामाजिक शाखा प्रमुख नगेन्द्रप्रसाद रेग्मी, आन्तरिक लेखा परीक्षक शाखा प्रमुख कुमारकञ्चन जिसी, आर्थिक पूर्वाधार विकास थिए ।

महिला सशक्तीकरण सञ्चार समाज तनहुँको सहजीकरणमा आयोजित उक्त कार्यक्रममा संस्थाकी अध्यक्ष प्रकृति खनालले सहजिकरण गरेकी थिइन् । वडा नं. १, १२, १३ र १४ नम्बर वडाका नागरिकहरूलाई लक्षित गरी छाब्दीवाराही मन्दिर परिसर सार्वजनिक सुनुवाई कार्यक्रम गरेको हो ।

**घर बाहिर निस्कदा तथा भिडभाडमा जाँद अनिवार्य रूपमा मास्कको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं, साबुनपानीले हात धुने गरौं**

## राष्ट्रिय जनगणनाका लागि जिल्लामा कार्यालय स्थापना

♦**भञ्ज्याङ समाचारदाता** (दमौली)

राष्ट्रिय जनगणना २०७८ का लागि तनहुँमा जिल्ला जनगणना कार्यालय स्थापना गरिएसंगै कार्यालयले काम अगाडि बढाएको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क संकलनका लागि जिल्लामा करिब पाँच सय गणक र एक सय सुपरीवेक्षक परिचालन गर्ने गरी काम अगाडि बढाइएको छ । जिल्ला जनगणना कार्यालय तनहुँले विहीबार पत्रकार सम्मेलन गरी विसं २०७८ को जेठ र असार महीनामा हुने सो गणना नेपालको जनगणनाको इतिहासमा



११० वर्षमा गर्न लागिएको १२औं श्रृंखला भएको जनगणना अधिकारी नन्दलाल सापकोटाले जानकारी गराए ।

उनले स्थानीय तहका जनशक्तिलाई प्राथमिकता दिएर गणक र सुपरीवेक्षकलाई करारमा राख्ने गरी काम भइरहेको समेत बताए । 'आगामी १० वर्षलाई नेतृत्व गर्ने भएकाले सही सूचना संकलनमा जोड दिइएको छ', उनले भने, 'समावेशी सहभागिताका लागि महिला र पुरूष दुवैलाई स्थान दिइएको छ । महिलाको हकमा ४५ वर्ष उमेर ननाघेको

बाँकी तेश्रो पेजमा

## सम्पादकीय..........

# पर्यटनबाटै समृद्धि !

तनहुँका अधिकांस स्थानीय तहले पर्यटनबाटै समृद्धि हाँसिल गर्ने लक्ष्य लिएका छन् । सोही अनुसार कार्यक्रम अगाडि पनि बढाउँदै आए । तर, कोरोना कहरका बारण लामो समयको लकडाउन तथा निषेधाज्ञा जस्ता कार्यले थल परेको पर्यटकीय क्षेत्र अझै सहज रूपम खुल्न सकेका छैनन् । पछिल्लो समय पर्यटकीय क्षेत्रहरूमा आन्तरिक पर्यटकको चहलपहल बढ्दै गएको छ । पहाडका टाकुरा, कोट तथा अन्य क्षेत्रहरूमा आन्तरिक पर्यटकीहरू पुग्न थालेपछि पर्यटकीय गतिविधि बढ्न थालेका छन् । हिमाल, पहाड र तराई खुलेको छ । हिमाश्रृंखला खुलेर चाँदीजस्तै टल्केका छन् । तर, नेपालका पर्यटकीय क्षेत्र अझै सहज रूपमा खुल्न सकेका छैनन् । पर्यटकीय राजधानी पोखरासंगै जोडिएको जिल्ला हो तनहुँ । धार्मिक, साँस्कृतिक, ऐतिहासिक, प्राकृतिक, साहित्यिक लगायत विविध आयमले भरिपूर्ण तनहुँलाई ग्रामीण पर्यटनका हिसावले उत्कृष्ट गन्तव्यका रूपमा लिन सकिन्छ। ग्रामीण पर्यटन प्रवर्द्धनको मुख्य कडिका रूपमा रहेको होमस्टे (घरबास) तनहुँमा करिब २५ को हाराहारीमा सञ्चालित छन् । कोरोना कहरका कारण यी होमस्टेहरू अहिले सुनसान बनेका छन् । नेपाल सरकारले चैत महिनादेखि लकडाउन गरेपश्चात अझै पनि पर्यटकीय क्षेत्र पूर्ण रूपमा खुलेका छैनन् । तर, पछिल्लो समय उच्च पहाडी टाकुरा, कोटहरूमा आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेका छन् । कोरोना कहरका कारण गरिएको लकडाउनले लामोसमय घरभित्रै थुनिएका युवापुस्ता अहिले ग्रामीण पर्यटकीय क्षेत्रमा पुग्न थालेका छन् ।

कोरोना कहरका कारण पर्यटकीय क्षेत्र सहजै खुल्न नसक्दा ग्रामीण क्षेत्रको पर्यटकीय गतिविधि थलपरेको छ । पर्यटकीय सिजन सुरू भएसंगै मौसमले पनि साथ दिएको छ । हरिया पहाडका तरेली, बेसी तथा उपत्यकामा बिहानी समयमा कुहिरोले ढपक्क ढाकिएको सुन्दरता, उत्तर तर्फ दन्तलहर जस्तै सेतम्मे भएर ठडिएका मनमोहक हिमश्रृंखलाका दृष्यले पर्यटकलाई स्वागत गरिरहेका छन् । तर, कोरोना संक्रमण त्रासले सहजै पर्यटक घुम्न ननिस्कदा यी सुन्दर दृष्यहरू पनि एक्लिएका छन् । तनहुँका पर्यटकीय क्षेत्र तथा होमस्टेमा यो समय आन्तरिक तथा वाह्य पर्यटकले भरिभराउ हुन्थे । विश्वभर माहामारीको रूपमा फैलिएको कोरोना भाइरसका कारणले पर्यटन क्षेत्रमा नराम्ररी असर पुगेको छ । यसको प्रत्यक्ष असर अहिले होमस्टेले पनि झेल्दै आएका छन् । घुमफिरका लागि यो मौसम उपयुक्त हो । ग्रामीण पर्यटन व्यवसाय फस्टाउँदै गएपछि तनहुँ ग्रामीण क्षेत्रमा होमस्टे सञ्चालन गर्ने सञ्चालनकहरूको संख्या वृद्धि भएको छ । वैदेशिक रोजगारीमा गएकाहरू पनि आ–आफ्नौ गाउँठाउँमा फर्किएर पर्यटकीय गतिविधिमा रम्न थालेका छन्। होमस्ट व्यवस्थापनमा राम्रै लगानी पनि गरेका छन् । तर, कोरोना कहरका कारण होमस्टेमा पाहुनलाई अझै खुलेर स्वागत गर्न पाएका छैनन् । गाउँमा होमस्टे सञ्चालन पछि स्थानीय महिलाहरूको दैनिकी मात्र होइन उनिहरूको जीवनशैलीमा समेत परिवर्तन आएको छ । स्थानीय कला संस्कृति, स्थानीय स्तरमै उत्पादित खानाका परिकार, प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक, धार्मिक स्थलहरूमा घुमफिर गर्ने संस्कृति विस्तारै विकास हुँदै गएको थियो। नेपालको आर्थिक समृद्धिको पाटो ग्रामीण पर्यटन पनि भएको हुँदा यस क्षेत्रलाई स्वास्थ्य सुरक्षाका हिसावले सुरक्षित बनाउँदै पर्यटकीय गतिविधिलाई अगाडि बढाउन अब ध्यान दिनुपर्ने बेला आएको छ ।

# होलीको आगमनसंगै गाउँ-गाउँमा शुरू भयो जोगिरा

♦ सञ्जीतकुमार मण्डल

उमेरले ५५ कटिसकेको भए पनि अचेल साँझ पर्नेबित्तिकै जलेश्वर नगरपालिका–८ बजराहीगाउँ बस्ने अरूण पाण्डे हातमा डम्फु र झ्याली समातेर गाउँको चोकमा पुग्ने गर्नुहुन्छ । उहासँगै स्थानीय ५० वर्षीय रामदेव महरा, ४५ वर्षीय पवित्तर साह र अन्य कैयौँ व्यक्ति आ–आफ्ना घरबाट निस्केर आउनुहुन्छ र चोकमा जम्मा हुने गर्नुहुन्छ । केही दिनयतादेखि उहाँहरूको यो दैनिकीजस्तै भएको छ। उहाँहरू साँझ पर्नासाथै गाउँको चोकमा कुनै सभा, सम्मेलन, बैठक, बहस वा छलफल गर्नका लागि भने जम्मा हुने गर्नुभएको होइन । बरू आपसी भाइचारा, प्रेम सद्भाव, सुखदुःख साटासाट गर्न र परम्परादेखि चल्दै आइरहेको जोगिराको संरक्षण र प्रवर्द्धनका लागि हिजोआज दैनिकरूपमा यसरी जमघट गर्नुभएको हो ।

उहाँहरू साँझको त्यस्तै ७ बजेतिर यसरी जम्मा भएपछि शुरू हुन्छ जोगिरा गान । जब सँझ शान्त र सुनसान बन्दै जान्छ अनि उहाँहरूको स्वर र संगीतले टोलबासीलाई नै मुग्ध बनाउने गर्दछ । गाउँघरमा प्रायः साँझको ७ बजेपछि बेलुकाको खाना खाइसक्ने गरिन्छ। अनि त्यसपछि शुरू भएको जोगिरा (होलीका गीत)ले गाउँलेलाई आनन्द पनि दिने गर्दछ भने कतिपय जोगिराको डम्फु बज्न थालेपछि चोकमा नै आइपुग्दछन्। यसरी साँझको शान्त समयमा एकै स्वरमा लय हालेर सबैले गाएको जोगिरा सुन्दा जोसुकैलाई पनि आनन्द दिन्छ । जोगिरा गीत र यसको धुनले सबै गाउँले खुशी हुने गर्दछन् । हात–हातमा ढोल, तासा, मृदङ्ग, डम्फु, झ्याली लगायतका बाजाहरू लिएर विभिन्न धुन र संगीत सृजना गर्दै उहाँहरूले शुरू गर्ने जोगिरा रातको कम्तीमा पनि ११/१२ बजेसम्म निरन्तर रूपमा चलिरहन्छ । रात ढल्किदै जाँदा गाउँ टोल थप सुनसान हुन पुग्छ अनि गीतको स्वर र बाजा थप चर्को सुनिन थाल्छ । तर पनि गाउँलेलाई झर्को लाग्दैन, बाजाको चर्को आवाजले सुत्न नपाएको भनेर रिस उठ्दैन । बरू केहीले घरबाटै सुन्ने गर्दछन् भने अधिकांश चोकमा जम्मा भएर गायनमै सहभागी हुने गर्दछन् ।

विभिन्न प्रकारका गीत, चुटकिला, हाँसो ठट्टा र मानिसलाई हँसाउने तथा जिस्क्याउने तीतामिठा वाक्य र शब्दलाई लयमा ढालेर गाइएको जोगिरा सुन्न र हेर्न गाउँलेहरूको भीड लाग्ने गर्दछ । त्यस्तै जोगिराको क्रममा हुने नाचगानमा समेत ठूलो संख्यामा सहभागी हुने गरेको होलैया (जोगिरा गाउने) रामबाबु चौधरीले बताउनुभयो । जलेश्वरको वडा नं. ८ को जोगिरा टोली निकै चर्चित र नाम चलेको भए पनि जलेश्वरकै वडा नं ७ मा पनि बर्सेनि जोगिराले धुम मच्चाउने गर्दछ। वडा नं. ७ का वडाध्यक्ष रामछविला यादव स्वयं पनि होलैया भएको कारण अहिले त्यस वडामा पनि होलीको अवसर पारेर जोगिरा गाउनकै लागि युवाहरू देश परदेशबाट आ–आफ्नो गाउँ फर्किएका छन् । उनीहरू अहिलेदेखि नै जोगिरामा लागिसकेका छन् । यसका कारण जोगिराको धुन गाउँ–टोलमा प्रायः रातभर नै घन्किने गरेको छ ।

खुशी र उमङ्गको पर्व होलीलाई निम्ता दिंदा विगत तीन दिनदेखि वडा नं ७ मा ५० बढी युवा, बयस्क तथा वृद्धसमेत संयुक्त टोलीले जोगिरा गाएर पूरै वडालाई नै सङ्गीतमय बनाएको स्थानीय शङ्कर कापरले बताउनुभयो । यस वडामा अहिले साँझ पर्नेबित्तिकै होलैयाहरू आएर जोगिरा शुरू गर्ने प्रतिक्षामा घरघरमा महिला, पुरूष तथा बालबालिका र वृद्धवृद्धासमेत बसिरहेका हुन्छन्। सम्पूर्ण मिथिलाञ्चलवासीलाई मन पर्ने जोगिरा महोत्तरीको जलेश्वर नगरपालिकामा मात्रै सीमित नभएर जिल्लाको पिपरा गाउँपालिका–७ बनौलीगाउँमा पनि निकै धुमधामका साथ गाइने तथा सुन्ने गरिएको सञ्चारकर्मी एवं होलैयासमेत रहनुभएका स्थानीयवासी वैद्यनाथ चौधरीले बताउनुभयो । उहाँले सो गाउँमा पनि परम्पराकालदेखि जोगिरा गाउने प्रचलन रहेको र जोगिरा गाउनका लागि कुनै पनि उमेर समूहले बाधा नपारेको बताउनहुन्छ । सो गाउँमा एउटै मञ्चमा विभिन्न उमेर समूहका व्यक्ति बसेर जोगिरा गाउने, हाँस्ने, हँसाउने, कथा, कहानी र जीवनका अनुभव साटासाट गर्दै देवी–देवताप्रति भक्तिभाव, ठूलालाई आदर सत्कार र सानालाई स्नेह बाँड्ने काम हुने गरेको बताउनुभयो ।

कवि कोकिल विद्यापतिको जन्मथलो समेत रहेको सो गाउँमा विगत तीन/चार दिनदेखि रातिको बेला होलैयाहरूको भीड मेलाजस्तै लाग्ने तथा उनीहरूले गाउने गीतले गाउँ नै



गुञ्जयमान हुने गरेको छ । होलीपर्वको अवसरमा मिथिला क्षेत्रमा गाइने जोगिराका यी केही प्रतिनिधिमूलक उदाहरण मात्र हुन् भने प्रत्येक वर्षझैँ यस वर्ष पनि होलीपर्वको आगमनसँगै महोत्तरी जिल्लाको गाउँगाउँमा जोगिरा गीत गाउन शुरू भएको छ । महोत्तरी जिल्लाको १० नगरपालिका र पाँच गाउँपालिकाको प्रत्येक गाउँ टोलमा चैत १ गतेदेखि नै रातिको समयमा ढोल, तासा, मृदङ्ग, डम्फु, झ्यालीलयायतका बाजागाजाका साथ जोगिरा गाउन शुरू भएको हो । "मिथिलामे राम खेलैया होली, मिथिलामे । मिथिलामे हो, मिथिलामे हो, मिथिलामे ।" "किनका के सोभे पियरी पितम्बर, किनकाके हाथ अबिर झोली। मिथिलामे" "सीताजीके सोभे पियरी पितम्बर, रामजीके हाथ अबिर झोली । हो मिथिलामे, मिथिलामे राम खेलैय होली, मिथिलामे ।" "रङ बरसे भिगे चुनरबाली रङ बरसे, हो रङबरसे भिगे चुनरवाली रङबरसे ।" प्रायः यिनै शब्दमा गुञ्जिन्छन् हिजोआज यहाँ जोगिरा गीतहरू।

यस्तै सयौँ गीत, चुटकिला, हाँसो ठट्टा र दुःख बिर्साएर खुशी साटासाट गर्ने महापर्वको होली आगमनको प्रतिक्षामा अहिले महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सर्लाही, रौतहट, वारा र भारतका मधुबनी र दरभङ्गा जिल्ला सहित सम्पूर्ण मिथिलाञ्चलमा जोगिरा शुरू भएको हो । जोगिराको धुन र लयले गाउँगाउँलाई सङ्गीतमय पारेका बेला जोगिरा गाउनकै लागि अहिले रातिको बेला युवा तथा वयोवृद्धलाई घरघरबाट तानेर ल्याएर राति अबेरसम्म जाग्राम गराउने तथा जोगिरा गाउन लगाउने गरिएको जलेश्वर–२ का दिलीप साहले बताउनुभयो ।

उहाँले होलैयाहरूले जोगिराले एकापसमा भाइचारा, प्रेम, सद्भाव र सुमधुर सम्बन्ध निर्माण गर्ने भएकाले आफूहरु रातिको बेला गाउँको चोकचोकमा ठूला संख्यामा भेला भएर जोगिरा गाउने गरेको बताउनुभयो । पन्ध्र दिनअघिदेखि नै शुरू हुने जोगिरा गायन मिथिलाञ्चलको प्रत्येक गाउँगाउँमा शुरू भइसकेको छ भने यस जोगिरा गायन होलीको दिनको अघिल्लो रातिसम्म गाउने गरिएको छ । पछिल्लो समयमा भने भोजपुरी भड्किलो गीत, खुला मदिरा व्यापार र चर्को आवाजमा बजाइने डिजेबाजाको प्रभावले जोगिरालाई कतैकतै खलल् पार्ने कामसमेत हुने गरेको रामगोपालपुर नगरपालिका–७ का होलैया प्रमोद मण्डलले बताउनुभयो । उहाँले स्थानीयहरूले एकजुट भएर एकै लय र स्वरमा आफ्नो भाषा, सङ्गीत र आफ्नो शब्दमा गाइने जोगिराले परम्परा झल्काउने, सद्भाव बढाउने र जोगिरासमेतलाई संरक्षण गर्न ठूलो मद्दत मिलेका बेला भोजपुरी आधुनिक नामका भड्किलो गीत, डिजेबाजाको चर्को आवाज र मदिरा सेवनकर्ताले होहल्ला गरेर जोगिरा भाँड्ने प्रयास गर्दा नरमाइलो हुने गरेको गुनासो गर्नुभयो।

परापूर्वकालदेखि चलिआएको जोगिरा गायनको संस्कृतिले सुरक्षा र संरक्षण पाउनुपर्ने भन्दै जलेश्वर नगरपालिका–११ का जोगिरा रविशङ्कर बिच्छाले जोगिरा गाउने बेलामा स्थानीय नगरपालिका तथा गाउँपालिकाका नगर प्रहरीले सुरक्षा दिनुपर्ने र नेपाल प्रहरीले गाउँ र बस्तीमा गस्ती गरेर कम्तीमा यो १५ दिनसम्म विशेष सुरक्षा दिनुपर्ने धारणा राख्नुभयो । उहाँले अहिले गाउँगाउँमा रातिको बेला जोगिरा गायनको बेला स्थानीय बुद्धीजीवी र युवाले पनि समूह बनाएर यो संस्कृतिको संरक्षणका लागि काम गर्नुपर्ने जरूरी रहेको बताउनुभयो । आधुनिकताको नाममा जोगिरा गायनमाथि भोजपुरी दुईअर्थी अस्लिल भड्किलो गीत, डिजेको चर्को आवाज र खुला मदिरा बिक्री वितरणलाई होलीको एक दिनअघिसम्म प्रतिबन्ध लगाइनुपर्ने तथा जोगिराको संरक्षण र संवर्द्धनका लागि समय–समयमा विभिन्न अभियान सञ्चालन गर्नुहुने जलेश्वर नगरपालिका–१ का होलैया राकेशप्रसाद चौधरीले बताउनुभयो ।

मिथिलाका गाउँगाउँमा रहेका मठ, मन्दिर, चौतारा, पाटीपौवा, दोबाटो, चौबाटो अहिले रातिको बेला सङ्गीतमय बनेको बेला मिथिलामा विभिन्न देवी–देवताको आगमनसमेत हुने आस्था रहेको मटिहानी नगरपालिका–६ का होलैया एवं अवकाशप्राप्त शिक्षक चन्देश्वर साहले बताउनुभयो । उहाँले जोगिराको संरक्षण, संवर्द्धन तथा जगेर्नाका लागि स्थानीय जनप्रतिनिधि र प्रशासनले विशेष ध्यान दिनु जरूरी रहेको बताउनुभयो । जोगिरा मिथिलासहित सम्पूर्ण देशकै धरोहर (नासो) एवं सम्पत्ति रहेको भन्दै नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका अध्यक्ष कमलेश मण्डलले इतिहास एवं हाम्रा पूर्वजको सम्मान र भविष्य एवं हाम्रा सन्ततिको संरक्षणकै लागि भए पनि जोगिराको संरक्षण गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले यसका लागि हामी प्रत्येक मिथिलावासी, स्थानीय सरकार, जनप्रतिनिधि, सुरक्षा निकाय र धार्मिक, सांस्कृतिक एवं पुरातत्व विभाग पनि उत्तिकै उत्तरदायी तथा जवाफदेही बन्नुपर्नेमा जोड दिनुभयो । रासस

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, विसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, विसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्बुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँबुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली,- ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
रोकिएको काम बन्नाले जिम्मेवारी बढ्नेछ । विशेष भेटघाटले उत्साह बढाउनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुने समय छ । आकर्षक उपहारले उत्साह जगाउनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
घुमफिर तथा मनोरञ्जनको समय छ । प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
अरूको फाइदाका लागि उपयोग भइएला । मान्यजनको मन जित्ने प्रयत्न गर्नुहोला ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
कामको चाप र जिम्मेवारी बढ्ने देखिन्छ । मेहनत परे पनि भाग्यले राम्रै अवसर दिलाउन सक्छ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
पुरूषार्थी काम सिद्ध गर्ने समय छ। प्रेम र मित्रताको बन्धन पनि कसिने समय छ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
प्रतिपक्षीहरु समेत सहयोगी बन्नेछन्। रोकिएका काम बन्नुका साथै नयाँ काम प्रारम्भ हुनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । श्रमको उचित मूल्यांकन हुनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
परिस्थितिवश अरुका लागि अलमलिनु पर्नेछ । शरीरमा पनि कमजोरी अनुभूति हुनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
मिहिनेत गर्दा प्रतिफल हासिल गर्न सकिनेछ । नयाँ ज्ञानको खोजीमा समय बित्नेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ । सानो प्रयत्नले ठूलो काम बन्न सक्छ ।

# सामुदायिक वनको आम्दानी कुवा, पोखरी संरक्षणमा लगानी

♦ भञ्ज्याङ समाचारदाता (पोखरा)

पोखरा महानगरपालिका वडा नं. ११ काहुँस्थित धारापानी सामुदायिक बन उपभोक्ता समुहले बन क्षेत्र भित्रका पानीका श्रोतको संरक्षणका साथै पँधेरा  र पोखरी निर्माण गरेको छ। घरघरमा पानीका धारा पुगेसंगै संकटमा परेका परम्पारगत रूपका खानेपानीका श्रोतबाट बन क्षेत्रको हरियाली प्रवर्द्धन गर्नुका साथै जंगली जनावरलाई समेत खानेपानीको सुविधा पुऱ्याउने लक्ष्यका साथ पँधेरा संरक्षण तथा पोखरी निर्माण गरिएको हो। जंगलको बीच भागमा रहेका धारापानी र रोटेपानीस्थित पानीका श्रोतमा चालु आर्थिक बर्षमा रू. एक लाख ३५ हजारको लागतमा कुवा र पोखरी निर्माण सम्पन्न भएको छ भने टुनेपानी श्रोतको पनि संरक्षण गरिने बन उपभोक्ता समुहका अध्यक्ष कुमार बहादुर क्षेत्रीले जानकारी दिनुभयो ।



डिभिजन बन कार्यालय कास्कीबाट पोखरी निर्माण परियोजनाका लागि एक लाख ४५ हजार आर्थिक सहयोग भएको थियो । उक्त बन २०७१ सालमा जिल्लामा द्धितीय स्थान हासिल गरि पुरस्कृत समेत भएको समुहको थियो । सुख्खायाममा जङ्गलमा लाग्ने गरेको आगोबाट जोगाउनका लागि अग्नी रेखा निर्माण गरिएको बताउँदै उहाँले बन सिमानालाई समेटेर गोलाकारमा निर्मित सो रेखालाई साइकलमार्गको रूपमा समेत विकास गरिने सोच रहेको बताउनुभयो। अग्नी रेखको कूल लम्वाई चार किलोमिटर रहेको छ । "अग्नी रेखाले डढेलोबाट सामुदायिक वनलाई जोगाउनुका साथै हराभरा जङ्गल भित्र साईकल चलाउन सकिने हुँदा आन्तरिक एवं बाह्रय पर्यटकको छुट्टै नविनतम गन्तव्य बन्ने छ" उहाँले भन्नुभयो, "यसबाट सामुदादिक वनमा पर्यापर्यटन प्रवर्द्धनमा महत्वपूर्ण सहयोग पुग्नुका साथै आयआर्जनमा समेत टेवा पुग्ने विश्वास समुहले लिएको छ ।" कूल २६ हेक्टर क्षेत्रफलमा फैलिएको उक्त सामुदायिक वनमा एक सय घर धुरी उपभोक्ता आवद्ध रहेका छन्, बनको संरक्षणका लागि बार्षिक ४५ हजार रूपैयामा हेरालोको समेत व्यवस्था गरिएको समुहका सचिव इन्द्रबहादुर खत्रीले जानकारी दिनुभयो।

उहाँका अनुसार प्रत्येक बर्ष एक पटक बन गोडमेल गर्दा आएको दाउरा हार लगाइन्छ, गोडमेलको अन्तिम दिन गोलातानी बन पैदावार वितरण गर्नुका साथै उक्त दिन रमाईलो बनभोज कार्यक्रमको समेत आयोजना गरिन्छ। यस बर्ष अग्नी रेखा सरसफाईमा दश हजार खर्च भएको थियो । समुहका कोषाध्यक्ष तुलसी धितालका अनुसार बन पैदावार बिक्रीबाट आसै आम्दानी नभएपनि पर्यटकीय क्षेत्र काँहु धरधरामा निर्माण गरि सञ्चालनमा आएको धरहरा रेष्टुरेन्टबाट भाडा बापत बार्षिक ७२ हजार रूपैया आम्दानी हुने गरेको छ । प्रत्येक बर्ष १० प्रतिशतका दरले भाडा बृद्धि गरिने सम्झौतामा उल्लेख छ ।

आर्थिक बर्ष २०७७ साउनदेखि फागुन महिनासम्म छ लाख १३ हजार २६५ रूपैया बराबरको आयव्यय साधारण सभामा  प्रस्तुत गर्दै उहाँले यस बर्ष बन गोडानीमा ७८ हजार खर्च भएको थियो भने दाउरा बिक्रीबाट छ हजार रूपैया आम्दानी भएको उल्लेख गर्नुभएको छ । पर्यटकीय नगरी पोखराबाट सबै भन्दा नजिक लालिगुँरास फुलेको रमणीय दृश्य देख्न सकिने सो सामुदायिक वन क्षेत्रमा अवस्थित काहुँधरहराबाट वातावरणमैत्री हरिया पहाडका साथै अन्नपूर्ण, माछापुच्छे हिमश्रृखला र पोखरा बजारको समेत मनमोहक दृश्यावलोकन गर्न सकिने छ । उक्त रमणीय स्थलमा यतिखेर बनभोज खाने समुहसंग दैनिक सयौको संख्यामा आन्तरिक पर्यटक जाने गरेका छन् ।

वन समुहको साधारण सभामा पोखरा ११ का वडा सदस्य मिनबहादुर गुरूङ, समाजसेवी लोकबहादुर गुरूङ काहुँ धरहरा संरक्षण समितिका अध्यक्ष सुवेदार ईन्द्रबह्ुदर गुरूङ लगायतले खालीस्थानमा आयआर्जन गर्ने खालका वृक्षारोपण गरि हराभरा बनाउनुका साथै यस पर्यटकीय क्षेत्रको संरक्षण, संवर्द्धनका साथै प्रचार प्रसार गरी महत्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो । वन संरक्षण, संवर्द्धनसंगै उपयोग गर्दै आएका समुहले पछिल्लो समय सम्भाव्यता अध्ययनका आधारमा सामुदायिक बन उपभोक्ता महासंघको एक बन एक उद्यम सञ्चालन गर्ने अवधारणा अनुसार बनलाई आयआर्जन तथा रोजगारको माध्येम बनाउने कार्यमा जोड दिंदै आएका छन् ।

# ब्राजिलमा एकै दिन ९० हजार कोरोना संक्रमित भेटिए

♦ रासस/सिन्ह्वा(रियो डे जेनेरियो)

ब्राजिलमा कोरोना भाइरसबाट एकै दिनमा ९० हजारभन्दा बढी संक्रमित भएका पाइएको छ। यस देशमा पहिलो पटक यतिधेरै नागरिक संक्रमित भएका पनि समाचारमा जनाइएको छ । ब्राजिलका स्वास्थ्यसम्बन्धी सरकारी अधिकारीले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा अर्थात् बुधबार रातिसम्ममा यहाँका ९० हजार ३०३ जना संक्रमित भएका बताइएको छ ।

ब्राजिलमा अहिलेसम्म कूल एक करोड १६ लाख ९३ हजार ५५८ जना सङ्क्रमित भएका छन् भने दुई लाख ८० हजार जनाभन्दा बढीको मृत्यु भइसकेको पनि बताइएको छ । त्यसैगरी सोही अवधिमा कम्तीमा दुई हजार ६४८ जनाको कारोना सङ्क्रमणका कारण मृत्यु भएको पनि मन्त्रालयले जनाएको छ। यो मृत्यु पनि गएका केही हप्तापछि गत २४ घण्टाको अवधिमा भएको मृत्युको धेरै संख्या भएको पनि बताइएको छ। ब्राजिलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार कोरोना भाइरसको महामारीबाट साओ पाउलो सबैभन्दा बढी प्रभावित भएको छ । त्यहाँ पछिल्लो २४ घण्टामा मात्रै चार सय जनाभन्दा बढीको मृत्यु भएको छ ।

पछिल्लो समयमा ब्राजिलमा कोरोनाका संक्रमितको उपचारका लागि सेवा क्षमता कम भएको बताइएको छ । जसका कारण पनि कतिपय अवस्थामा अस्पतालमा शय्या र औषधि अभावसमेत भएको अधिकारीहरूले जानकारी दिएका छन् । यहाँ कोरोना भाइरस विरूद्धको खोप पनि लगाउन थालिएको छ। ब्राजिलका पूर्व राष्ट्रपति लुइस इनासियो लुला डि सिल्भाले पनि गत शनिबार कोरोना भाइरस विरूद्धको खोप लगाउनुभएको थियो ।

पछिल्लो जानकारी अनुसार मंगलबारसम्ममा यहाँका एक करोड ४० लाख भन्दा बढी नागरिकले खोप लगाएका छन्। ब्राजिलको स्वास्थ्य मन्त्रालयले मङ्गलबार मात्र यो जानकारी दिएको पनि समाचारमा जनाइएको छ । ब्राजिल विश्वमा कोभिड–१९ को संक्रमणबाट पीडित अमेरिकापछिको दोस्रो देश हो ।

साबुन पानीले मिचिमिचि हात धुने बानीको विकास गरौं ।
www.bhanjyangnews.com

# राष्ट्रिय .......

हुनुपर्ने व्यवस्था गरिएको छ ।'

पहिलो चरणमा सुपरीवेक्षकद्वारा प्रत्येक घर तथा घरपरिवारमा पुगेर घर तथा घरपरिवारको विवरण लिइन्छ । पुरूष, महिला र अन्य लिङ्गी तथा परिवारको कृषिसम्बन्धी विवरण संकलन गरिने छ । दोस्रो चरणमा गणकद्वारा प्रत्येक घरधुरीमा पुगेर मुख्य प्रश्नावलीमार्फत पारिवारिक विवरण तथा व्यक्तिको जन्म, मृत्यु बसाइँसराइ लगायत विवरण संकलन गर्ने भएको छ ।

यस्तै, दोस्रो चरण अन्तर्गत नै सबै स्थानीय तहका प्रत्येक वडा कार्यालयबाट वडास्तरीय सामुदायिक प्रश्नावलीमार्फत वडाको आधारभूत स्रोतसाधन, पहुँच, क्षमता पूर्वाधार र विपद् सम्बन्धी विवरण संकलन गरिनेछ । घर तथा घरपरिवार सूचीकरण फाराम ०७८ वैशाख २६ देखि जेठ १४ र मुख्य प्रश्नावली ०७८ जेठ २५ देखि असार ८ गतेसम्म विवरण भर्ने तयारी गरिएको छ । एक सुपरीवेक्षकले २० दिनको अवधिमा एक हजार घरपरिवारको सूचीकरण तयार गर्नुपर्ने छ । त्यस्तै एक सुपरीवेक्षकको मातहतमा रहेर चार गणकले काम गर्ने बताइएको छ ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सागर आचार्यले यस कार्यलाई सफल बनाउनका लागि सबै निकायबाट अनुगमन तथा खबरदारी गर्न आग्रह गरे ।

**स्वास्थ्य परीक्षण सम्बन्धी खुसीको खबर !!!**

**चैत्र ६ गते शुक्रबार**

१) **डा. ध्रुवराज अधिकारी :** वीर अस्पताल काठमाडौंका वरिष्ठ न्यूरो सर्जन तथा नशारोग विशेषज्ञ ।

**चैत्र ७ गते शनिबार**

१) **डा. तीर्थलाल उपाध्याय :** पोखरा गण्डकी मेडिकल कलेज तथा मधुमेह तथा थाईराइड उपचार केन्द्रका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) तथा ईन्डोक्राइनोलोजिष्ट (थाईरोइड) रोग विशेषज्ञ।

२) **डा. रोशन पंगेनी :** वरिष्ठ रेडियोलोजिस्ट ।

**चैत्र २१ गते शनिबार**

१) **डा. अनिल विक्रम कार्की :** भरतपुर क्यान्सर हस्पिटल चितवनका वरिष्ठ सर्जन, नाक, कान, घाँटी रोग विशेषज्ञ ।

**चैत्र २८ गते शनिबार**

१) **डा. विनम्र बस्नेत :** पोखरा मणिपाल तथा फेवासिटी हस्पिटलका वरिष्ठ यौन, छाला तथा कुष्ठरोग विशेषज्ञ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) मेडिकल अफिसरद्वारा दैनिक विरामी जाच गरिन्छ ।, **२) प्याथोलोजी ल्याब:–** रगत दिशा पिसाब सम्बन्धी सम्पुर्ण जाच तथा सुगर, प्रेसर, मुटु सम्बन्धी र ४० वर्ष उमेर काटेका महिला तथा पुरूषहरूको - lipid profile - RFT - HIV, HCV, VDRL, - Lft - TFT - TPHA, - Calcium - Hba1ac, - Full body check up गरिन्छ ।, ३) भिडियो एक्सरे सेवा, ४) ईसिजी मुटुको जाच सेवा, ५) नेबुलाइजर बाफ सेवा, ६) OBSERVATION सेवा, ७) PLASTER सेवा, ८) घाउ DRESING वा SUTURING सेवा, **९) गुणस्तरीय फार्मेसी सेवा :–** १०) प्रत्येक हप्ता शनिबार बिशेषज्ञ डाक्टरद्वारा बिभिन्न रोगका बिरामीहरूकोको जाच।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

ब्यास–२, दमौली तनहुँ । फोन : ०६५–५६१५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

**विवाह वारी २० वर्ष पारी**

**सानै छु बढ्न देऊ, बाल विवाह हैन पढ्न देऊ**



**बालविवाह गर्नु गराउनु दण्डनीय अपराध हो ।**

हामी सबै मिली बालविवाह अन्त्य गरौं, सम्भ्य समाजको निर्माण गरौं ।

**भिमाद नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

भिमाद, तनहुँ । गण्डकी प्रदेश

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
भञ्ज्याङ राष्ट्रिय दैनिक
तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा
ANDROID APP ON Google play Bhanjyangnews
Bhanjyang Daily @bhanjyangdaily News/Media Website
Follow भञ्ज्याङ दैनिक @bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-560907
E-mail : bhanjyangdml@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४




**गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम :** 'आर्थिक समृद्धिको आधार, लघु उद्यम मार्फत रोजगार' भन्ने नाराका साथ म्याग्दे गाउँपालिकाले वडा नं. ४ मा आयोजना गरेको गुडिया तथा सजावटका सामाग्रि निर्माण तालिममा सहभागि स्थानीय महिलाहरू। *तस्विर : भञ्ज्याङ*

facebook twitter



**आभा**
twitter.com/sumi_na1
कर्मठ हुनु र पत्थर हुनु फरक कुरा हो, भावनाको कोमलता पनि आवस्यक हुन्छ मनुस्यमा ! कर्तब्यमा जति नै कठोर हुन्छ मान्छे भावनामा त्यती नै कोमल हुनुपर्दछ।



**कौशिक सापकोटा**
twitter.com/kumarsp176
हरेक आमाहरू जो पढ्न असमर्थ छ्न तर पनि छोराछोरीको पुस्तकहरु च्यातिन्छ कि भनेर नाजुक हातले अझै पनि सजग र राम्रो सङ राखी दिनु हुन्छ, आफ्नो भविष्यको सपनाहरु सजाए जस्तो गरि ।



**विनय क्षेत्री**
twitter.com/BINAYCHHETRI16
हमेशा, हामीले कसैसँग धेरै कुरा गर्दैमा वास्ता गरेको भन्ने चाहीँ हुदैंन, किनकि हामीले बोलिने हरेक शैली, व्यबहार र शब्दले पनि स्मरण गराई रहेको हुन्छ ।

# रोटरी क्लवद्वारा बन्दिपुरमा सडकबत्ती हस्तान्तरण

♦ **डिपी अधिकारी** (बन्दिपुर)

पहाडकी रानी उपनामले परिचित पर्यटकीय नगरी तनहुँको बन्दिपुरमा रोटरी क्लव अफ चितवनले सडक बत्ती जडान गरेको छ । रोटरी क्लब चितवनमा आवद्ध रोटरीयनहरूको आर्थिक तथा प्राबिधिक सहयोगमा निर्माण गरिएको १३ वटा सडकबत्ती एक कार्यक्रमका बीच रोटरी ईन्टरनेश्नलका प्रेसिडेन्ट इलेक्ट शेखर मेहताले बन्दिपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापालाई जिम्मेवारी हस्तान्तरण गरेका हुन् ।

कार्यक्रममा बोल्दै प्रेसिडेन्ट मेहताले बन्दिपुरको परम्परागत घर, ढुँगाले छापेको बजार क्षेत्र, स्थानीय कला र सँस्कृतिले आफूलाई मोहित पारेको बताए । उनले बन्दिपुर क्षेत्रलाई आवश्यकताको आधारमा रोटरीको तर्फबाट सहयोग गर्ने प्रतिबद्धता समेत जनाए । रोटरी क्लब अफ चितवनका प्रेसिडेन्ट रोशन पियाको अध्यक्षतामा भएको कार्यक्रममा रोटरी डिष्ट्रिक गर्भनर ३२९२ का राजिब पोखे्रलले नेपालको परम्परा, कला संस्कृति संरक्षणमा बन्दिपुरबासीको महत्वपूर्ण भूमिका रहेको भन्दै बन्दिपुरमा आफूले ब्यक्तिगत र संस्थागत रूपमा सहयोग र सहकार्य गर्ने बताए ।

यस्तै, कार्यक्रममा बन्दिपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले परम्परागत सडक बत्तीले बन्दिपुर बजारको सौन्दर्यतामा थप टेवा पुगेको भन्दै रोटरीसँग सहकार्य र साझेदारी गरी कार्य गर्न आफू सदैब तत्पर रहेको बताए । बन्दिपुर ऐतिहासिक स्थल समेत भएकाले समग्र बिकासका लागि २० वर्षे गुरूयोजन निर्माण गरिएको र गुरूयोजना पुस्तकको गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङले आगामी चैत्र ११ गते विमोचन गर्ने कार्यक्रम रहेको समेत अध्यक्ष थापाले जानकारी गराए ।

पर्यटकको बसाईलाई लम्ब्याउने उद्देश्यले बन्दिपुरमा केवलकारको निर्माण भैरहेको, मुकुन्देश्वरी पर्खाल निर्माणको क्रममा रहेको, टुँडिखेलमा सिसाको भ्यूटावर निर्माण योजना रहेको भन्दै उनले बन्दिपुरलाई आगामी २० वर्ष भित्र दक्षिण यशियाकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने हाम्रो लक्ष्य रहेको अध्यक्ष थापाले बताएका छन् । कार्यक्रममा पास्ट रोटरी डिस्ट्रक ३२९२ का रविन्द्र पियाले समेत आफ्ना विचार व्यक्त गरेका थिए ।

रोटरी क्लब अफ चितवनले करिब ९ लाख रूपैयाँको लागतमा बन्दिपुरमा १३ वटा सडकबत्ती निर्माण गरेको छ भने सिएमसि हस्पिटल चितवनमा कोभिडको विरामीलाई लक्षित गरी ३० वटा भन्टिलेटर प्रदान गरिएको प्रेसिडेन्ट रोशन पियाले जानकारी गराए ।




त्यस्तै देवघाटमा करूणालय आश्रममा ३६ जना असहाय वृद्धवृद्धालाई पालन पोषणको ब्यबस्था र हेरचाह गरिएको छ । १०० जनालाई दैनिक खानाको ब्यवस्था गरिएको छ । भरतपुरमा चण्डेश्वर भट्टराईले १ कट्ठा ५ धुर निशुल्क प्रदान गरेकोमा रोटरी डण्डपानी भट्टराई मल्टि प्रपोज विल्डिङ निर्माण गरिएको छ । बन्दिपुरका सन्तकुमार श्रेष्ठ र उनका छोरा अभिषेक श्रेष्ठले रोटरी हस्पिटल चितवनका लागि १ करोड प्रदान गरेका छन् । रोटरिएन मदन पियाले चमेलीदेवी पिया र उदय बहादुर पियाको स्मृतिमा विल्डिङ निर्माण गरिएको छ ।

त्यस्तै डा. मदन कुमार पियाको विशेष पहलमा तनहुँको बन्दिपुर अस्पतालमा डेलिभरी केशका लागि म्याटरनिटि होम र डेन्टल सेवा संचालन गरिएको छ । धरमपानी स्वास्थ्य केन्द्रमा एक्स–रे मेसिन, ईसिजी मेसिन र नेबुलाईजर प्रदान गरिएको छ । त्यस्तै बन्दिपुरमा होटल बन्दिपुर संचालन गरी त्यसबाट आएको मुनाफाले बन्दिपुर गाउँपालिका भित्रका ५ ओटा विद्यालयमा सहयोग गरिएको बन्दिपुर क्याम्पसका प्रमुख विक्रम पियाले जानकारी दिए ।

# ऋषिङमा औधोगिक ग्राम

♦ **भञ्ज्याङ समाचारदाता** (ऋषिङ)

तनहुँको ऋषिङ गाउँपालिकाले औधोगिक ग्राम निर्माण कार्य अगाडि बढाएको छ । करिब ५० करोड रूपैयाँको लागतमा निर्माण गर्न लागिएको औधोगिक ग्रामको गाउँपालिकाका अध्यक्ष राजेन्द्र कृष्ण श्रेष्ठले शिलान्यास गरेका छन् । औधोगिक ग्रामको शिलान्यास गर्दै अध्यक्ष श्रेष्ठले गाउँपालिका भित्र स्थापना हुने उद्योगहरूलाई ब्यवस्थित गर्न औधोगिक ग्राम स्थापना गर्न लागिएको बताए । गाउँपापलिकाको वडा नं. ५ पिपलटारमा रहेको १०० रोपनी क्षेफलमा औधोगिक ग्राम बनाउन लागिएको बताउँदै अध्यक्ष श्रेष्ठले गाउँपालिकालाई औधोगिक रूपमा समेत विकास गर्ने योजना रहेको बताए ।



गाउँपालिकाका प्राविधिक अखिल सुवेदीका अनुसार पहिलो चरणमा प्रशासनीक भवनहरू निर्माण हुने छ । गत बर्ष नै टेण्डर आव्हान गरेर औधोगिक ग्राम निर्माणको थालनी भएको सुवेदीले जानकारी दिए ।

वडा नं. ५ का वडाध्यक्ष पदमबहादुर थापाको अध्यक्षतामा आयोजित शिलान्यास कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष गिनुमाया थापा, वडाध्यक्षहरू भक्तबहादुर आले, भविसरा आले, गाउँपालिकाका प्रबक्ता विजय दरै, वडासदस्य रामचन्द्र पोखे्रल, जयदुर्गा माध्यामिक विद्यालयका प्रधानाध्यापक रूपबहादुर दरै, सहायक प्रधानाध्यापक कृष्ण गिरी लगायतले औद्योगिक ग्राम स्थापनापछि गाउँपालिकाको विकासको ढोका खुल्ने चर्चा गर्दै ग्राम खोलेर मात्र नभई यसको उपयोग के कसरी गर्ने भन्ने विषयमा पनि कार्यक्रमहरू योजनवद्ध रूपमा ल्याउनुपर्ने बताएका थिए ।

# ३६६ फरार अभियुक्तबाट २१४ वर्ष कैद असुली

♦ **भञ्ज्याङ समाचारदाता** (दमौली)

जिल्ला प्रहरी कार्यालयले गत साउनदेखि चैत १ गतेसम्म करिब आठ महिनाको अवधिमा ३६६ फरार अभियुक्तलाई पक्राउ गरेको छ । विभिन्न मुद्दाका फरार व्यक्तिलाई पक्राउ गर्दा २१४ वर्ष कैद असुली हुनका साथै रू ५६ लाख ३४ हजार ६६१ जरिवाना असुली भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । अदालतबाट फैसला भई दण्ड, जरिवाना, दसौदी, कोर्ट फि र सरकारी बिगोसमेत तिर्न बाँकी भई फरार सूचीमा रहेका व्यक्ति पक्राउ परेका हुन् । नाता कायम, सम्बन्धविच्छेद, लेनदेन, हातहतियार, कर्तव्य ज्यान, सवारी ज्यान, बहुविवाह, माना चामल, अंशलगायतका मुद्दाका फरार हुँदै आएका अभियुक्तलाई पक्राउ गरिएको कार्यालयका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सेनाले जानकारी दिए ।

विभिन्न अपराध एवं मुद्दामा संलग्न रही फरार रहेका अभियुक्तलाई पक्राउ गर्ने अभियानलाई तनहुँ प्रहरीले तीव्रता दिंदै आएको उनले बताए । कार्यालय मातहतमा रहेका प्रहरी एकाइ कार्यालयबाट खटिएको प्रहरी टोलीले गत चैत १ गते मात्रै विभिन्न मुद्दामा फरार रहेका छ जनालाई पक्राउ गरेको थियो। फरार सूचीमा रहेका अभियुक्तलाई धमाधम पक्राउ गरी कानूनी दायरमा ल्याउन थालिएसँगै जिल्लामा आपराधिक क्रियाकलापमा न्यूनीकरण आएको प्रहरी प्रमुख प्रहरी उपरीक्षक अरूण पौडेलले जानकारी दिए । गल्ती गरियो भने कानूनले छाड्दो रहेनछ भन्ने कुराप्रति सर्वसाधारण सचेत हुन थालेको उनले बताए ।


# बन्दिपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बन्दिपुर, तनहुं । गण्डकी प्रदेश, नेपाल ।

## नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा) उत्खनन, संकलन तथा विक्रीका लागि शिलबन्दि दरभाउपत्र आव्हानको सुचना !

*दोस्रो पटक सूचना प्रकाशित मिति :– २०७७/१२/०६*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बन्दिपुर गाउँपालिकाको आर्थिक ऐन, २०७७, प्राकृतिक श्रोत तथा वातावरण संरक्षण ऐन, २०७६, बमोजिम बन्दिपुर गाउँपालिका, तनहुँको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमका नदी तथा घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम तपशिलमा उल्लेखित नदी/घाटहरूबाट नदीजन्य पदार्थ उत्खनन् गरी बन्दिपुर गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी आ.व. २०७७/०७८ का लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नविकरण भएको प्रमाण–पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण–पत्र, आ.व. २०७६/०७७ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी तपशिल बमोजिमका शर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं. | विवरण | उत्खनन् गर्न सकिने अधिकतम परिमाण (घ.मि.) | न्युनतम अंक रू. (मु.अ.कर बाहेक) | शिलबन्दी दरभाउ फाराम दस्तुर रु. |
|---|---|---|---|---|
| BRM /12/077/078 | खहरे घाट, सेतीनदी, बन्दिपुर ६ | 4950 | 1049004 | 1000 |
| BRM /13/077/078 | ढाप घाट, सेतीनदी, बन्दिपुर ६ | 6480 | 1373241 | 1000 |
| BRM /16/077/078 | भ्वान घाट, सेतीनदी, बन्दिपुर ६ | 2880 | 610329 | 1000 |
| BRM/ 17/077/078 | सुनपोखरी घाट,सेतीनदी, बन्दिपुर ६ | 3240 | 686620 | 1000 |
| BRM/ 18/077/078 | साराङ्ग घाट, सेतीनदी, बन्दिपुर ६ | 4320 | 915494 | 1000 |

♦ शिलबन्दी दरभाउपत्र सम्बन्धी शर्तहरूको विस्तृत जानकारी यस कार्यालयमा कार्यालय समय भित्र फोन नं. ०६५–५२०१२३ मा सम्पर्क गरी वा यस कार्यालयको वेवसाईट www.bandipurmun.gov.np बाट लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः ०६५–५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :– विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४